**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**
मितिः०१ **सेप्टेंबर** २०२४
समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज थाँतीमा रहेका मामलाहरुलाई कम गर्न, न्यायपालिकाको लागि ठुलो चुनौती रहेको बताउनु भएको छ।
२. उप-राष्ट्रपति जगदीप धनखड़ले महिलाहरू विरूद्ध दुश्कर्मका दोषीहरूलाई छिटोभन्दा छिटो दण्डित गर्ने व्यवस्था बनाउने आह्वान गर्नुभएको छ।
३. हावड़ा सरकारी अस्पतालमा एक नाबालिग बालिकासित बलात्कारको प्रयास अनि वीरभूम जिल्लाको एउटा स्वास्थ्य केन्द्रमा एकजना नर्ससित दुर्व्यवहार गरिएको मामलामा भाजपाले राज्यको मुख्यमन्त्रीको राजीनामाको मांग गरेको छ।
४. देशभरीमा आजदेखि राष्ट्रीय पोषण सप्ताह मनाइदैछ।
५. खरसाङ फुटबल एसोसिएसनको आयोजनामा चलिरहेको अन्तर कार्यालय फुटबल प्रतियोगितामा पुलिस दल अनि एसआई स्कूलले क्वाटर फाइनलमा प्रवेश गरेको छ।

**राष्ट्रपति- सर्वोच्च न्यायालय**

राष्ट्रपति द्रौपदी मुर्मूले आज सर्वोच्च नयायालयको नयाँ ध्वज अनि प्रतीक चिन्हको अनावरण गर्नुभएको छ। उहाले आज भन्नुभयो थाँतीमा रहेका मामिलाहरूलाई कमी गर्न न्यायपालिकाको निम्ति एउटा ठूलो चुनौती बनेको छ। नयाँ दिल्लीमा राष्ट्रीय जिल्ला न्यायपालिका सम्मेलनलाई सम्बोधित गर्नुहुँदै राष्ट्रपतिले भन्नुभयो कि सबै हीतधारकहरू एकजुट भएर थाँतीमा रहेका मामिलाहरूको समाधान खोज्न पर्नेछ। केन्द्रीय विधि अनि न्याय मन्त्री अर्जुन राम मेघवालले यस अवसरमा भन्नुभयो, न्याय प्रणालीको एउटा असल पारिस्थितिकी तन्त्र नागरिकहरूको निम्ति पनि उपलब्ध हुन पर्नेछ।

****** ० ******

**उपराष्ट्रपति धनखड़**

उप-राष्ट्रपति जगदीप धनखड़ले कलकतामा एक महिला डाक्टरसित भएको घटनाको निन्दा गर्नुभएको छ। उहाँले यस्ता अपराधहरूमा संलग्न दोषीहरूलाई छिटोभन्दा छिटो दण्डित गर्ने व्यवस्था बनाउने आह्वान गर्नुभएको छ। उत्तराखण्डमा आज एम्स ऋषिकेशका विद्यार्थीहरू अनि संकाय सदस्यहरूलाई सम्बोधित गर्नुहुँदै श्री धनखड़ले त्यस्ता घीनलाग्दो अपराधहरूले मानवतालाई लज्जित बनाउने अपराधीहरूको विरूद्ध कार्यवाही गर्न पर्नेछ। उहाँले डाक्टरहरू, नर्सहरू, कम्पाउडरहरू अनि स्वास्थ्य कर्मीहरूको सुरक्षामाथि पनि जोड़ दिनुभयो।

****** ० ******

**आईपीपीबी- स्थापना दिवस**

भारतीय डाक पेमेंट बैकको सातौं स्थापना दिवसको अवसरमा आज संचार मंत्री ज्योतिरादित्य सिंधियाले सुगम अनि सस्तो सेवाहरुको मध्यमद्वारा वित्तीय लक्ष्य पूरा गर्नमा बैंकको भूमिकाको उल्लेख गर्नुभयो। एक सोशल मीडिया पोस्टमा श्री सिंधियाले भन्नुभयो कि यस बैंकमा अहिलेसम्म ९ करोड़ ८८ लाख बैंक खाता खोलि सकिएको छ। उहाले भन्नुभयो यस बैंकको माध्यम द्वारा विभिन्न योजनाहरुका लाभार्थिहरुलाई ४५ हजार करोड रुपियाँ हस्तांरित गरिसकिएको छ।

****** ० ******

**बंगाल- भाजपा**

पश्चिम बंगालमा आरजी कर मेडिकल कालेज एवं अस्पतालमा प्रशिक्षु महिला डह्क्टरसित दुष्कर्म अनि हत्याको मामला बारे चलिरहेको विरोध प्रदर्शन बीच आज हावड़ा सरकारी अस्पतालमा एक नाबालिग बालिकासित बलात्कारको प्रयासको आरोपमा, एकजना आरोपीलाई पक्राउ गरिएको छ। हावडा सरकारी अस्पतालका सुपरिटेन्डेन्ट नारायण चट्टोपाध्यायले बताउनुभए अनुसार ष्हावडा पुलिस स्टेशनमा प्राथिमीकी दर्ता गरिए पछि आरोपीलाई पक्राउ गरिएको छ। आरोपी अस्पतालको कर्मचारी रहेको पनि बताइएको छ। यसको साथै पश्चिम बंगालको वीरभूम जिल्लाको इलामबजार खण्डका प्राथमिक स्वास्थ्य केन्द्रमा पनि ड्युटीमा रहेको एकजना नर्समाथि एक रोगीले दुर्व्यवहार गरेको आरोप नर्सले लगाएको छ। यी मामलाहरुलाई लिएर भाजपाको पश्चिम बङ्गाल एकाईले राज्य सरकारको कड़ा शब्दमा आलोचना गर्दै मुख्य मंत्री ममता ब्यानर्जीको राजीनामाको मांग गरेको छ।

****** ० ******

**डाक्टर देवाशीष सोम**

फोरेन्सिक मेडिसिनका डाक्टर देवाशीष सोमलाई, गंभीर रूपमा बीमार भएपछि अस्पतालमा भर्ती गरिईएको छ। अहिले गंभीर हालतमा आईसीयूमा उनको उपचार चलिरहेको छ। केहि दिन अघि उनीसित सीबीआईले सोधपुछ गरेपछि केष्टोपुर स्थित उनको घरमा पनि छापा मरिएको थियो। उल्लेखनीय छ आर.जी. करको घटना भएको दिन सेमिनार कक्षमा उनको उपस्थिति बारे प्रश्न उठ्न थालेको थियो। सूत्रहरु अनुसार घटना भएको ९ अगस्तको दिन उनी आर.जी. कर अस्पतालमा बिहानैदेखि उपस्थित थिए। देवाशीष सोम स्वास्थ्य भर्ती बोर्डमा पनि सामेल छन्।

****** ० ******

**सिक्किम**

सिक्किमका मुख्यमन्त्री पी.एस गोलेले आज असमको राजधानी दीजपुर स्थित लोक सेवा भवनमा असमका मुख्यमन्त्री डाक्टर हिमन्त बिस्व शर्मासित भेट गर्नु भयो। यस भेटघाटमा दुवै नेताहरु बीच पूर्वोत्तर क्षेत्रको विकास र प्रगतिका विभिन्न बिषयहरुमा गहन छलफल गरिएको जानकारी श्री गोलेले आफ्नो सामाजिक संजाल पोस्ट मार्फत दिनिभएको छ। दुवै मुख्यमन्त्री बिचको भेट वार्तामा सिक्किम र असम बीचको सोझो यातायात आरम्भ गर्ने विषयमाथि पनि छलफल गरियो।

****** ० ******

**राजू विष्ट**

दार्जीलिङ्गको सांसद राजु विष्टले आज वाराणसीमा भारतीय जनता युवा मोर्चाको कार्यकारिणी समिति सभा तथा भारतीय जनता पार्टी सदस्यता कार्यशालामा उत्तर प्रदेशको मुख्यमंत्री योगी आदित्यनाथको साथमा आफू शामेल हुनु भएकोमा प्रसन्नता व्यक्त गर्नु भएको छ।

****** ० ******

**पोषण सप्ताह**

राष्ट्रीय पोषण सप्ताह आजदेखि देशका विभिन्न क्षेत्रहरूमा पालन गरिरहेको छ। राष्ट्रीय पोषण सप्ताह प्रत्येक वर्ष १ सिम्तबरदेखि ७ सितम्बरसम्म मनाइने गरिन्छ। यो वार्षिक कार्यक्रमको शुरूआत वर्ष १९८२ मा महिला एवं बाल विकास मन्त्रालयका खाद्य एवं पोषण बोर्डद्वारा गरिएको थियो।

****** ० ******

**अर्थक्वेक**

बंगालको खाड़ीमा आज बिहान ६ बजेर १२ मिनट जाँदा भूइचालोको झटका महसूस गरियो। रिक्टर स्केलमा यसको तीव्रता ५.१ बताइएको छ। यद्यपि अहिलेसम्म कुनै प्रकारको ज्यानमालको नोकसानको खबर प्राप्त छैन। राष्ट्रीय भूकम्प विज्ञान केन्द्र अनुसार भूइचालोको केन्द्र बंगालको खाड़ीमा १० किलोमीटरको गहिराईमा  स्थित थियो। सुनामीलाई लिएर कुनै सतर्कता जारी गरिएको छैन। भूइचालोको केन्द्र केन्द्रशासित प्रदेश अण्डमान निकोबार द्वीप समूहदेखि १३५ किमी टाडो समुद्र तलदेखि १० किलोमीटरको गहिराइमा स्थित थियो।

****** ० ******

**आर्म्स एक्ट**

आर.जी. कर मामलालाई लिएर राज्य भरि चलिरहेको विरोध प्रदर्शन बीच विशेष कार्य बल (एसटीएफ) ले राज्यका दुइ जग्गामा अभियान चलाएर भारी मात्रामा आग्नियास्त्र अनि ताजा कारतूस जफ्त गरेको छ। गुप्त सूचनाको आधारमा मुर्शिदाबादको बहरमपुर अनि विधाननगरमा जाँच अभियान चलाएर कुल सातवटा आग्नेयास्त्र अनि २६ राउण्ड ताजा कारतूस जफ्त गरिन साथै तीनजना व्यक्तिलाई गिरफ्तार गरिएको छ। गिरफ्तार व्यक्तिहरु विरुद्ध आर्म्स एक्ट अन्तर्गत शिकायत दर्ता गरिएको छ।

****** ० ******

**कमर्शियल ग्यास सिलेण्डर**

सार्वजनिक क्षेत्रका तेल एवं ग्यास विपणन कम्पनी हरूले कमर्शियल ग्यास सिलेण्डरको मूल्यमा ३९ रुपियाँ प्रतिसिलेण्डर बढोत्तरी गरेका छन्। यद्यपि घरेलु ग्यास सिलेण्डरको मूल्यमा कुनै फेरबदल गरिएको छैन। नयाँ दर हिज शनिवारदेखिनै लागू भएको छ।

****** ० ******

**भागोप्रमो**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा तीनधारे-महानदी समष्टिको सांगठनिक सभा क्षेत्रीय सभासद नवराज छेत्रीको अध्यक्षतामा आज सम्पन्न भयो। सभामा तीनधारे महानदी समष्टिभित्र पर्ने सबै आँगनवाडी कर्मीहरू र आशाकर्मीहरूलाई लिएर समष्टी स्तरीय हिल तराई आँगनवाडी कर्मी सहकर्मी औ आशाकर्मी संगठन गठन गरिएको छ। यसै गरी भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ टाउन कमिटी नारी शक्ति अनि महकुमा नारी शक्तिको तत्ववधानमा खरसाङस्थित पार्टी कार्यालयमा एक सांगठनिक सभा सम्पन्न भयो। सभामा पारित प्रस्ताव अनुसार हरितालिका तिज पर्व सम्पूर्ण नारीहरू मिलेर ष्समाजमा नारीको स्वतन्त्रता र सुरक्षालाई विषय बनाएर आगामी ५ सितम्बरको दिन टाउन हल नयाँ बजारमा पालन गरिने भएको छ। यसरी नै सभामा आगामी ६ सितम्बरको दिन मिरिकमा पालन गरिने पार्टीको स्थापना दिवसमा नारीहरुको ब्यापक सहभागिता विषयमा पनि चर्चा गरिएको छ। यसको साथै पार्टीको सांगठनिक गतिविधिमा नारी शक्तिको अहम भूमिका विषयमा चर्चा गरिएको जानकारी पनि प्राप्त भएको छ।

****** ० ******

**तकदाह ग्लेनबर्न**

तकदाह ग्लेनबर्न समष्टिमा आज दुईवटा योजनाको शिलान्यास गरिएको छ। आज शिलान्यास गरिएको योजनाहरूमा ६ माइल नजिक पी.एम.जी.एस.वाई देखि हलहलेसम्म २ किलो मीटरभन्दा लामो ग्रामीण सिमेन्ट कंक्रीट सडकको निर्माण कार्य रहेको छ। त्यसरी नै सुन्तले गोलाई देखि लगभग १.५ किलोमीटर लामो यस्तै सडकको निर्माण कार्यको पनि शिलान्यास गरिएको छ।

****** ० ******

**हाम्रो पार्टी- बोनस**

हाम्रो पार्टीको श्रमिक संगठन हाम्रो हिल तराई डुवर्स चियाबारी श्रमिक संघले २० प्रतिशतभन्दा कम्ती पूजा बोनस स्वीकार नगर्ने निर्णय लिएको छ। दार्जीलिङको माल रोड स्थित हाम्रो पार्टीको केन्द्रीय कार्यालयमा सम्पन्न संघको सभामा यस पटकको पूजा बोनसको विषयमा मालिक पक्षले डाकेको भोलिको बैठकमा आफूहरूले अंश ग्रहण गर्ने जानकारी दिनुका साथै बैठक सकारात्मक निष्कर्षमा पुग्ने विश्वास समेत व्यक्त गर्नुभएको छ।

****** ० ******

**दार्जलिङ्ग**

दार्जलिङ्ग पहाडका  राजनैतिक दलहरू पहाड़को मुद्दामुखी हुनपर्ने पूर्व पार्षद भानु लामाले सुझाउ दिनु भएको छ। धेर प्रतिशोध अनि सत्ता केन्द्रित राजनीतिको कारण जनसाधारण लगायत भुभागसमेत प्रताड़ित बन्न पुगेको श्री लामाले आरोप लगाउनु भएको छ। पहाड़मा नयाँ दल गठन हुने हल्लाबीच प्रतिक्रिया व्यक्त गर्नुहुँदै उहाँले वैधानिकता र संवैधानिक निकास केन्द्रीत राजनीति हुनपर्ने मत राख्नुभएको छ।

****** ० ******

**पुलिस दिवस**

आज पुलिस दिवसको अवसरमा सिलगढ़ी मेट्रोपोलिटन पुलिस अन्तर्गत कैयौं थानाहरूमा विभिन्न कार्यक्रमहरूको आयोजन गरियो। बाघडुग्रा थानाको ट्राफिक गार्डद्वारा एक जागरूकता शिविरको आयोजन गरियो जसमा हाजिरी प्रतियोगिता, वृक्षारोपण कार्यक्रमको साथ बाइक सवारहरूलाई जागरूक गर्न हेलमेट अनि स्कूली विद्यार्थीहरूलाई स्कूल ब्याग वितरति गरियो।

****** ० ******

**फुटबल**

खरसाङ फुटबल एसोसिएसनको आयोजनामा खरसाङको मन्टिभियट खेल मैदानमा चलिरहेको अन्तर कार्यालय फुटबल प्रतियोगिता २०२४ अन्तर्गत आज दुईवटा खेलहरू सम्पन्न भयो। आज भएको पहिलो खेलमा पुलिस दलले स्यटेलाइट जूलाई ० को विरुद्ध १ गोलले पराजित गरेको छ। आज भएको दोस्रो खेलमा एसआई स्कूलले हिमाली स्कूललाई ५ गोलको विरुद्ध ६ गोलले पराजित गरेको छ। एसआइ स्कूलका बिरेन्द्र राईले ५ गोल गरे। बिजेता दलहरुले क्वाटर फाइनलमा प्रवेश गरेका छन्। पराजित दलहरुलाई अतिथिहरूको बाहुलीबाट स्मृति चिन्ह पनि प्रदान गरिएको खरसाङ फुटबल एसोसिएशनको सचिवले जानकारी दिनुभएको छ।

****** ० ******

************